बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८३ साल असार १ गते सोमवार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

## उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

रामनाथ अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**बैठकका प्रस्तावहरु:**

१) नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा,

२) आर्थिक विधेयक, २०८३ सम्बन्धमा,

३) विनियोजन विधेयक,२०८३ सम्बन्धमा,

४) विधेयक सम्बन्धमा,

५) नगर शिक्षा योजना सम्बन्धमा,

६) मेलमिलापकर्ताको सूचि अध्यावधिक गर्ने सम्बन्धमा,

७) न्यायीक समितिको कार्य प्रगति सम्बन्धमा,

८) विषयगत समितिका निर्णय र प्रतिवेदन सम्बन्धमा,

९) साक्षर नगर घोषणा सम्बन्धमा,

१०) बर्दिवास अस्पतालको अस्थायी दरबन्दी सम्बन्धमा,

११) करार र ज्यालादारी कर्मचारी सम्बन्धमा,

१२) योजना,खर्च तथा निर्णय अनुमोदन सम्बन्धमा,

१३) अध्यन विदा सम्बन्धमा,

**बैठकका निर्णयहरु:**

१) प्रस्ताव नम्बर एक उपर छलफल गर्दा, आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनको लागि नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

२) प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा, बर्दिवास नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको लागि निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न तयार गरिएको आर्थिक विधेयक,२०८३ स्वीकृत गरी अनुमोदनको लागि नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

३) प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा, बर्दिवास नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न तयार गरिएको विनियोजन विधेयक,२०८३ स्वीकृत गरी अनुमोदनको लागि नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, बर्दिवास नगरपालिकाको देहायका विधेयकहरु स्वीकृत गरी अनुमोदनको लागि नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

१. बर्दिवास नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक,२०८३

२. बर्दिवास नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन विधेयक,२०८३
३. बर्दिवास नगरपालिकाको सार्वजनिक-नीजि साझेदारी विधेयक,२०८३
४. बर्दिवास नगरपालिकाको संस्था दर्ता विधेयक,२०८३
५. बर्दिवास नगरपालिकाको स्वास्थ्य (पहिलो संशोधन) विधेयक ,२०८२

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, बर्दिवास नगरपालिकाको नगर शिक्षा योजना स्वीकृतिको लागि नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, यस नगरपालिकामा सूचिकृत रहेका मेलमिलामकर्ताहरुको सूचि अध्यावधिक गर्न नगर सभाको १८औँ अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

७) प्रस्ताव नम्बर सात उपर छलफल गर्दा,यस नगरपालिकाको न्यायीक समितिले चालु आ.व. २०८२/०८३ मा सम्पादन गरेका कार्यहरुको सम्बन्धमा तयार गरिएको वार्षिक कार्य प्रगति प्रतिवेदन १८औँ नगरसभामा पेश गर्ने निर्णय गरियो।

८) प्रस्ताव नम्बर आठ उपर छलफल गर्दा, देहाय बोजिमका विषयगत समितिबाट पेश भएका निर्णय तथा प्रतिवेदन स्वीकृत गरी अनुमोदनको लागि नगर सभाको १८औँ अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

१. आर्थिक विकास समिति
२. सामाजिक विकास समिति
३. वातावरण तथा विपद् व्यवस्थापन समिति
४. पूर्वधार विकास समिति
५. शुसासन समिति

९) प्रस्ताव नम्बर नौं उपर छलफल गर्दा, बर्दिवास नगरपालिकालाई यसै बर्षको असार मसान्तसम्म साक्षर नगर घोषणा गर्ने निर्णय गरियो।

१०) प्रस्ताव नम्बर दश उपर छलफल गर्दा, आ.व. २०८३/०८४ को लागि बर्दिवास अस्पतालको अस्थायी दरबन्दी संरचना स्वीकृत गर्न सिफारीस गर्ने निर्णय गरियो।

११) प्रस्ताव नम्बर एघार उपर छलफल गर्दा, बर्दिवास नगरपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा हाल कार्यतर रहेका परामर्श सेवा,ज्यालादारी र करार सेवामा कार्यरत कर्मचारीहरु तथा नगर शिक्षकहरुको सम्झौता अनुसार म्याद थप गर्न र आगामी आ.व. मा सम्झौता अनुसार सेवा निरन्तरता दिन नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

१२) प्रस्ताव नम्बर बाह्र उपर छलफल गर्दा, देहाय बमोजिमका योजना, खर्च तथा निर्णयहरु अनुमोदनको लागि नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

१. नगर प्रमुखबाट तोक आदेश भइ सञ्चालन भएका मागमा आधारित योजनाहरु

२. नगर प्रमुखबाट तोक आदेश भई विपद् व्यवस्थापन कोष बाट सञ्चालन भएका योजनाहरु

३. नगर प्रमुखबाट तोक आदेश भई अवण्डा बजेटबाट सञ्चालन भएका योजना तथा कार्यक्रम

४. आर्थिक सहायता कार्यविधि,२०८१ अनुसार उपलब्ध गराएका आर्थिक सहायताहरु

५. आ.व. २०८२/०८३ सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको खर्च अनुमोदन

६. आ.व. २०८२/०८३ मा कार्यपालिका,नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट भएका निर्णयहरु अनुमोदन

१३) प्रस्ताव नम्बर तेह्र उपर छलफल गर्दा, बर्दिवास अस्पतालमा कार्यरत सि. अ.हे.व. सियाराम महतो(कर्मचारी संकेत नं. २२०१०५) ले पूर्वान्चल विश्वविधालयद्धारा सम्बन्ध प्राप्त सिन्हा हेल्थ फाउण्डेशन,जनकपुरमा ४ बर्षे बि.पि.एच. छात्रवृतिमा पढनको लागि अध्ययन विदा स्वीकृतिका लागि निवेदन प्रेश गरेकोमा स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७० को उपदफा ५ को समितिले सिफारिस गरे अनुसार स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १२२ को उपदफा ५ र ६ बमोजिम निजको ४ वर्षको बेतलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

रामभक्त अधिकारी
प्रमुख प्रशासकीय अधिकृत